वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १२० | २०८३ भदौ १४ गते आइतबार, नेपाल सम्वत् ११४६ August 30, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## तनहुँमा ३६ शव भेटिए

गत बुधबार भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि तनहुँ जिल्लाको देवघाट गाउँपालिका अन्तर्गत पर्ने नदी किनार क्षेत्रमा खोज तथा उद्धार कार्य गरिदै । यसैक्रममा शनिबार देवघाट गाउँपालिका-५ बाट तीन वटा र आँबुखैरेनी गाउँपालिका-४ बाट दुई वटा गरी थप पाँच शव फेला परेका छन् ।

फेला परेका पाँचै शवलाई पहिचान तथा आवश्यक प्रक्रिया अघि बढाउन दमौली अस्पतालमा राखिएको प्रहरी नायब उपरिक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिए ।

यसअघि भदौ १० गते नौ वटा, भदौ ११ गते १९ वटा र भदौ १२ गते तीन वटा शव फेला परेको थियो ।

हालसम्म तनहुँ जिल्लाको क्षेत्रमा गरी कुल ३६ वटा शव फेला परेका छन् ।

फेला परेका शवहरूको पहिचानका लागि आवश्यक प्रक्रिया अगाडि बढाइसकिएको र नदी किनार तथा आसपासका क्षेत्रमा खोज तथा उद्धार कार्य पनि निरन्तर जारी रहने प्रहरीले जनाएको छ ।

*तस्विर : भञ्ज्याङ*

# जोखिममा दर्जनौं हिमताल : हिमनदी र हिउँकै अध्ययन गर्नुपर्ने रसुवा बाढीको पाठ

सन्त गाह मगार

भनिन्छ, विपद् बाजा बजाएर आउँदैन। त्यसो भए १० भदौमा रसुवा हुँदै आएको विनाशकारी बाढीको पूर्वानुमान नै गरिएको थिएन ? त्यो विपद् कल्पनाभन्दा बाहिरको विषय थियो ? 'थिएन,' विगतका अध्ययन प्रतिवेदन र विज्ञहरु भन्छन्। वातावरण पत्रकार रमेश भुसाल यस्तो बाढीलाई अकल्पनीय भनेर कोही पन्छिन नमिल्ने बताउँछन्।

'पोखराको सेती बाढी, मेलम्ची, रोशी, थामे बाढीका साथै उत्तराखण्ड, पाकिस्तान र भारतको उत्तरपूर्वसम्म सिङ्गो हिमालय क्षेत्रमै यस्ता विपद् निरन्तर बढेका छन्,' भुसाल भन्छन्, 'पाँच वर्षमा तीनपटक घटना दोहोरिँदा पनि अकल्पनीय भन्नुको अर्थ हामीले पूर्वअनुमान गर्न नसक्नु मात्र हो।'

नेपालको हिमाली र पहाडी क्षेत्रको ८३ प्रतिशत भूभाग हिमपहिरो र हिमताल विस्फोटको प्रभावको जोखिममा रहेको जानकारहरु बताउँछन्। हुन पनि विज्ञान प्रविधिको विकास हुनुअघिदेखि नै विपद्को पूर्वानुमान गर्ने प्रयास हुँदै आएको देखिन्छ। पन्छी-जनावरको आवाज सुनेर, बादल हेरेर गरिँदै आएको पूर्वानुमान एआई सम्म आइपुगेको छ। वर्षा, बाढीपहिरो, चट्याङ, जोखिमयुक्त स्थानको पहिचानजस्ता विषयमा प्रशस्त अध्ययन-अनुसन्धान भएका छन्।

हिमतालहरु र बाढीबारे अध्ययन गरेका भूगोलका प्राध्यापक डा. नरेन्द्रराज खनाल भन्छन्, 'फलानो हिमताल यो मितिमा फुट्छ वा फलानो ठाउँमा हिमपहिरो जान्छ भन्न नसकिए पनि हिमनदीहरूको नियमित निगरानी, पूर्वसूचना प्रणाली स्थापना र सञ्चालनमा विशेष ध्यान जरूरी छ भनेर अध्ययनका आधारमा भन्दै आएका छौं ।'

प्राध्यापक खनाल, प्रदीपकुमार मूल, अरूणभक्त श्रेष्ठ, गोलाम रसुल, पवनकुमार घिमिरे, राजेन्द्रबहादुर श्रेष्ठ र शरदप्रसाद जोशीको अध्ययनले हिमतालहरु विस्फोट भयो भने कति मान्छे हताहत हुन्छन् भन्ने अध्ययन गरेको थियो ।




'इन्टरनेसनल जर्नल अफ वाटर रिसोर्सेस डेभलपमेन्ट' मा प्रकाशित जर्नल आर्टिकलअनुसार लुमुचिमी (भोटेकोसी) मा १६ हजार ३१३, इमजा (दूधकोसी) मा ७ हजार ७६२ र च्छो रोल्पा (तामाकोसी) विस्फोट भयो भने ५ हजार १८३ जना प्रभावित हुन सक्ने उल्लेख छ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी)ले गरेको हिमतालहरु सम्बन्धी अध्ययन प्रतिवेदनले हिमनदी मुहान भएका नदीहरूका तटीय क्षेत्रमा गम्भीर क्षति पुर्‍याउन सक्ने उल्लेख गरेको थियो।

'हिमताल विस्फोटजन्य बाढी हिमाली क्षेत्रमा बसोबास गर्ने मानिसहरूका लागि एक महत्त्वपूर्ण समस्या हो। यस्ता हिमतालहरु उच्च उचाइमा बन्ने र लामो दूरीसम्म फैलिन सक्ने भएकाले तल्लो तटीय क्षेत्रमा रहेका पूर्वाधारमा गम्भीर क्षति पुर्‍याउन सक्छन्,' सन् २०२० को प्रतिवेदनको निष्कर्ष थियो, 'सम्भावित जोखिमपूर्ण हिमतालहरूको पहिचान गर्न सकेमा हिमताल विस्फोटजन्य जोखिम व्यवस्थापन तथा न्यूनीकरणका प्रभावकारी रणनीति बनाउन मद्दत पुग्दछ ।'

इसिमोड र यूएनडीपीको अध्ययन प्रतिवेदनअनुसार कोसी, गण्डकी र कर्णाली जलाधार क्षेत्रका ३ हजार ६२४ हिमतालमध्ये ४७ वटा जोखिमयुक्त छन्। त्यसमध्ये २५ वटा चीन, २१ वटा नेपाल र एउटा भारतमा छन्। जलाधार क्षेत्रका हिसाबले कोसीमा ४२, गण्डकीमा ३ र कर्णालीमा २ वटा छन्।

जोखिममा रहेकामध्ये नेपालतर्फ तमोर-४, अरूण-५, दुधकोशी-९, त्रिशुली, मुगु र तामाकोशी-१/१ वटा हिमताल छन् । त्यस्तै, चीनतर्फ अरूण-१३, तामाकोशी-७ र सुनकोशी-४ र त्रिशुली-१ वटा छन् । भारततर्फ काली (महाकाली) मा एउटा हिमताल छ ।

त्यसमध्ये पनि ६ वटा हिमताल

बाँकी तेश्रो पेजमा

# तनहुँमा बाढीका ३६ शव फेला, दमौली अस्पतालमा १३ शव

भञ्ज्याङ समाचारदाता/तनहुँ

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि तनहुँका विभिन्न नदी किनार क्षेत्रमा बेपत्ता तथा मृतकको खोजी तथा उद्धार कार्य जारी रहँदा जिल्लाको क्षेत्रमा हालसम्म ३६ वटा शव फेला परेका छन्। शनिबार मात्रै देवघाट गाउँपालिका-५ बाट तीन र आँबुखैरेनी गाउँपालिका-४ बाट दुई गरी थप पाँच शव फेला परेका हुन्।

फेला परेका पाँचै शवलाई पहिचान तथा आवश्यक कानुनी प्रक्रिया पूरा गर्न दमौलीस्थित प्रदेश अस्पतालको शवगृहमा राखिएको प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिए।

प्रहरीका अनुसार यसअघि भदौ १० गते तनहुँको विभिन्न नदी किनारबाट नौ, भदौ ११ गते १९ र भदौ १२ गते तीन वटा शव फेला परेका थिए। शनिबार थप पाँच शव फेला परेसँगै तनहुँ जिल्लाको क्षेत्रमा मात्रै बाढीपछि फेला परेका शवको संख्या ३६ पुगेको हो ।

भोटेकोशी नदीमा आएको भीषण बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा ठूलो जनधनको क्षति पुर्‍याएपछि बाढीमा बेपत्ता भएकाहरूको खोजीका क्रममा तनहुँका नदी किनार तथा आसपासका क्षेत्रमा पनि शव भेटिने क्रम जारी छ। विशेषगरी त्रिशूली नदी तथा अन्य नदी किनारमा सुरक्षाकर्मीले खोजी तथा उद्धारलाई तीव्रता दिएका छन्।

**दमौली अस्पतालमा १३ शव**

यसैबीच, विभिन्न स्थानबाट ल्याइएका १३ वटा शव अहिले प्रदेश अस्पताल दमौलीको शवगृहमा राखिएको अस्पताल प्रशासनले जनाएको छ। अस्पतालले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार भदौ १२ गते साँझ ६ बजेसम्म आठ वटा शव अस्पतालमा राखिएका थिए। तीमध्ये एक महिला, दुई पुरुष र पाँच जनाको पहिचान खुल्न सकेको थिएन।

त्यसपछि भदौ १३ गते साँझ ७:३० बजे थप पाँच शव अस्पतालमा ल्याइएको थियो। तीमध्ये एक पुरुष, एक महिला र तीन जनाको पहिचान खुल्न नसकेको अस्पतालले जनाएको छ।

यसरी अस्पतालको शवगृहमा रहेका १३ शवमध्ये दुई महिला, तीन पुरूष र आठ जना पहिचान नखुलेका छन् । पहिचान खुल्न नसकेका शवको पहिचानका लागि सम्बन्धित निकायले आवश्यक प्रक्रिया अघि बढाइरहेको छ ।

तनहुँको क्षेत्रमा मात्रै ३६ शव फेला परेको र तीमध्ये १३ शव प्रदेश अस्पताल दमौलीमा राखिएको अवस्थाले बाढीपछिको मानवीय क्षतिको भयावहता देखाएको छ । नदी किनारमा अझै खोजी कार्य जारी रहेकाले मृतक तथा बेपत्ताको संख्या बढ्न सक्ने सुरक्षा निकायले जनाएको छ ।

प्रहरीका अनुसार फेला परेका शवको पहिचानका लागि आवश्यक

बाँकी तेश्रो पेजमा

# शव गाडियोस्, पहिचान नगाडियोस्

भोटेकोशीले यसपटक पानी, ढुंगा, माटो र भग्नावशेष मात्र बगाएको छैन, यसले हाम्रो विकास र समृद्धिको दाबीलाई पनि बगाएर एउटा कठोर प्रश्नको बीचमा ल्याइदिएको छ, समृद्धि भनेको के हो ? भोटेकोशीमा आएको विनाशकारी बाढीले मावनबस्ती, सडक, पुल, व्यापारिक संरचना र जलविद्युत् आयोजनामा ठूलो क्षति पुऱ्यायो । कैयौँ मानिसको ज्यान गयो, धेरै बेपत्ता भए र बाढीले बगाएका मानव अवशेष तल्लो तटीय क्षेत्रमा भेटिए। खोज तथा उद्धारसँगै अहिले अर्को पीडादायी प्रश्न सतहमा आएको छ भेटिएका शवहरुको पहिचान कसरी गर्ने? परिवारसम्म कसरी पुऱ्याउने ? र पहिचान हुन नसकेका शवलाई के गर्ने ?

विपत्तिको घडीमा पहिलो प्राथमिकता जीवित मानिसको उद्धार हुनु स्वाभाविक र अनिवार्य हो। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्वास्थ्यकर्मी, स्थानीय तह, स्वयंसेवक र स्थानीय नागरिकले जोखिम मोलेर उद्धारमा खटिइ रहेका छन । तर विपद् व्यवस्थापनको अर्थ जीवितलाई मात्र बचाउनु होइन। मृत्यु भएकाको पहिचान गर्नु, मानव अवशेषलाई सम्मानपूर्वक व्यवस्थापन गर्नु र शोकाकुल परिवारलाई आफ्नो मान्छेको अन्तिम संस्कार गर्ने अधिकार सुनिश्चित गर्नु पनि राज्यको उत्तिकै महत्त्वपूर्ण दायित्व हो। यस अवस्थाले प्रश्न जन्माएको छ– हामीले विकास र समृद्धिको कुरा धेरै गऱ्यौँ तर के आफ्ना नागरिकको मृत्युको सम्मान गर्न सक्ने राज्य निर्माण गऱ्यौँ ?

ठूलो विपद्का बेला सबै शव तत्काल पहिचान गर्न सम्भव नहुन सक्छ । बाढीको वेगले मानव शरीरलाई क्षतविक्षत बनाउन सक्छ । पानी, हिलो, ढुंगा र भग्नावशेषले अनुहार पहिचान गर्न नसकिने अवस्था सिर्जना गर्न सक्छ । शव लामो दूरीसम्म बगेर अर्को स्थानमा पुग्न सक्छ। यस्तो अवस्थामा राज्यका लागि सबैभन्दा सजिलो बाटो हुन सक्छ अज्ञात शव भनेर सामुहिक रूपमा गाडिदिने। विपद्का बेला राज्यसँग कम्तीमा यति क्षमता हुनुपर्छ कि पहिचान नखुलेका शवलाई वैज्ञानिक पहिचानका लागि आवश्यक अवधिसम्म सुरक्षित राख्न सकोस् ।

पर्याप्त शवगृह, शीत भण्डारण वा वैकल्पिक व्यवस्था, प्रशिक्षित जनशक्ति र जैविक नमुना सुरक्षित राख्ने प्रणाली विपद् व्यवस्थापनका आधारभूत पूर्वतयारी हुन्।आज पहिचान हुन नसकेको शव भोलि पहिचान हुन सक्छ । आज उपलब्ध नभएको पारिवारिक विवरण भोलि भेटिन सक्छ । आज कमजोर भएको फरेन्सिक प्रविधि भोलि अझ सक्षम हुन सक्छ। कुनै परिवारले भोलि आफ्नो हराएको सदस्यको पहिचानका लागि नयाँ प्रमाण उपलब्ध गराउन सक्छ । त्यसैले शरीरको अन्तिम व्यवस्थापन र पहिचानको अन्तिम निर्णय एउटै कुरा हुनु हुँदैन। शव गाडिन सक्छ, तर पहिचान गाडिनु हुँदैन। अज्ञात शव भन्ने शब्दको गम्भीरता बुझ्नुपर्छ। प्रशासनिक भाषामा अज्ञात शव एउटा सामान्य वर्गीकरण हुन सक्छ । तर परिवारका लागि त्यो शब्द असह्य पीडाको प्रतीक हो। 'अज्ञात भनिएको व्यक्ति कसैको छोरा हो, कसैकी छोरी हो, कसैको आमा वा बुबा हो, कसैको श्रीमान् वा श्रीमती हो, कसैको दाजु, भाइ, दिदी वा बहिनी हो । ऊ कुनै परिवारको आर्थिक आधार हुन सक्छ, कसैको बाल्यकालको साथी हुन सक्छ, कसैको भविष्यको सपना हुन सक्छ । राज्यको तथ्यांकमा त्यो एउटा मृतक संख्या होला, तर परिवारका लागि त्यो एउटा सम्पूर्ण संसार हो ।

मृत्यु भएपछि मानिसले आफ्नो नाम बताउन सक्दैन । उसले आफ्नो घर देखाउन सक्दैन । नागरिकता देखाउन सक्दैन। आफ्नो परिवारको सदस्य भएको प्रमाण दिन सक्दैन । त्यसैले मृत्युको अवस्थामा राज्यको जिम्मेवारी झन् बढ्छ। जीवित नागरिकले आफ्नो अधिकारका लागि बोल्न सक्छ; मृतकले सक्दैन। लासले आफ्नो पहिचान माग्न सक्दैन, त्यसैले उसको पहिचान खोजिदिने जिम्मेवारी राज्यको हो । यो जिम्मेवारी भावनात्मक मात्र होइन, वैज्ञानिक र संस्थागत पनि हो। ठूलो विपद्मा मृतकको शव केही समय सुरक्षित राख्न शीत भण्डारण चाहिन्छ ।




प्रत्येक शवको फोटो, विवरण, फेला परेको स्थान, समय र अन्य प्रमाण व्यवस्थित रूपमा अभिलेख गर्नुपर्छ । परिवारले आफ्नो हराएको सदस्यको विवरण दर्ता गर्न सक्ने सहज प्रणाली चाहिन्छ । प्रहरी, अस्पताल, स्थानीय तह, फरेन्सिक निकाय र केन्द्रीय सरकारबीच सूचना आदानप्रदानको भरपर्दो प्रणाली आवश्यक हुन्छ। यसको अर्थ के हो भने विपद् व्यवस्थापन भनेको हेलिकप्टर, डोजर र राहत सामग्री मात्र होइन । विपद् व्यवस्थापनमा शवगृह पनि पर्छ, फरेन्सिक प्रयोगशाला पनि पर्छ, शीत भण्डारण पनि पर्छ, डिएनए परीक्षण पनि पर्छ, अभिलेख प्रणाली पनि पर्छ र शोकाकुल परिवारसँग संवाद गर्ने मानवीय संयन्त्र पनि पर्छ। हामी प्रविधिको तीव्र विकासको युगमा छौँ।

मोबाइल फोनले अनुहार चिन्न सक्छ। औँठाछापले व्यक्ति पहिचान गर्न सक्छ। डीएनए परीक्षणबाट पारिवारिक सम्बन्ध पुष्टि गर्न सकिन्छ । उपग्रहले दुर्गम भूगोलको अवस्था देखाउन सक्छ । ड्रोनले मानिस पुग्न कठिन क्षेत्रमा निगरानी गर्न सक्छ । कृत्रिम बुद्धिमत्ताले ठूलो परिमाणका तस्वीर र अभिलेखको तुलना गर्न सक्छ। तर यति धेरै प्रविधिको युगमा विपद्बाट भेटिएको एउटा शव अगाडि राज्यले फेरि सोध्नुपर्ने अवस्था आउँछ– 'यो कसको हो ?'

जीवित हुँदा राज्यले नागरिकलाई अनेकौँ परिचयले चिन्छ। जन्मदर्ता, नागरिकता, राहदानी, मतदाता परिचयपत्र, राष्ट्रिय परिचयपत्र, बैंक खाता, कर विवरण, शैक्षिक प्रमाणपत्रलगायतका विभिन्न अभिलेखमा नागरिकको जीवनका विवरण सुरक्षित हुन्छन् । राज्यले नागरिकलाई कर तिर्ने बेला चिन्छ, मतदान गर्ने बेला चिन्छ, पासपोर्ट बनाउने बेला चिन्छ, विभिन्न सरकारी सेवा लिने बेला चिन्छ। तर मृत्यु भएपछि त्यही नागरिक कहिलेकाहीँ 'अज्ञात शव बन्छ कस्तो विडम्बना !

जीवित नागरिकको परिचय सुरक्षित राख्न हामीले अनेकौँ प्रणाली बनाएका छौँ। तर मृत्यु भएपछि पहिचान सुरक्षित राख्न आवश्यक पूर्वाधार र क्षमता पर्याप्त छैन भने हाम्रो डिजिटल राज्यको दाबी कति पूर्ण होला ? हामीसँग स्मार्टफोन छन्, तर स्मार्ट विपद् व्यवस्थापन कति छ? हामी डिजिटल नेपालको कुरा गर्छौं, तर विपद्का बेला नागरिकको एकीकृत पहिचान प्रणालीलाई कति प्रभावकारी रूपमा प्रयोग गर्न सक्छौं ? हामी कृत्रिम बुद्धिमत्ताको सम्भावनाबारे बहस गर्छौँ, तर फरेन्सिक विज्ञान र डिएनए परीक्षणको क्षमता कति छ ? हामी आधुनिक पूर्वाधार निर्माणको कुरा गर्छौँ, तर ती पूर्वाधारको विपद् जोखिम मूल्याङ्कन कति वैज्ञानिक छ ?

हामीले समृद्धिलाई प्रायः 'कति कमायौँ भनेर मापन गरेका छौँ, कति सक्षम भयौँ भनेर होइन । जिडिपी बढ्यो, प्रतिव्यक्ति आय बढ्यो, राजस्व बढ्यो, बजेटको आकार बढ्यो भने समृद्धितर्फ अघि बढेको ठानिन्छ । तर एउटा राज्य कति समृद्ध छ भन्ने प्रश्नको अर्को उत्तर पनि हुन सक्छ- उसले संकटमा आफ्ना नागरिकलाई कति सुरक्षित राख्न सक्छ? समृद्ध राज्य त्यो होइन जहाँ विपद् आउँदैन। संसारमा त्यस्तो राज्य छैन। समृद्ध राज्य त्यो हो जहाँ विपद् आउँदा राज्यसँग त्यसको सामना गर्ने क्षमता हुन्छ । पूर्वसूचना दिन सक्छ, जोखिमयुक्त बस्ती पहिचान गर्न सक्छ, समयमै उद्धार गर्न सक्छ, घाइतेको उपचार गर्न सक्छ, हराएकालाई खोज्न सक्छ, मृतकको पहिचान गर्न सक्छ र परिवारलाई अन्तिम सत्यसम्म पुग्न सहयोग गर्न सक्छ। समृद्धि भनेको नागरिकलाई जीवनमा अवसर, संकटमा संरक्षण र मृत्युमा सम्मान दिन सक्ने राज्य क्षमता हो ।

हाम्रो विकासको भाषामा यस्तो मानवीय सूचक कमै सुनिन्छ । हामी कति किलोमिटर सडक बन्यो भनेर सोध्छौँ। कति मेगावाट विद्युत् उत्पादन भयो भनेर सोध्छौँ । कति विदेशी लगानी आयो भनेर सोध्छौँ । कति राजस्व उठ्यो भनेर सोध्छौँ। तर विपद्मा कति नागरिकलाई समयमै सुरक्षित गरियो, कति बेपत्ताको खोजी भयो, कति मृतकको वैज्ञानिक पहिचान भयो र कति परिवारलाई आफ्नो मान्छेको अन्तिम संस्कार गर्न सकियो भन्ने प्रश्न विकासको मुख्य सूचक बनेको छैन ।

किनकि एउटा शवलाई केही दिन सुरक्षित राख्न नसक्नु केवल शवगृहको अभाव होइन। यो राज्यको प्राथमिकताको प्रश्न हो। ठूलो भौतिक संरचना निर्माण गर्न अर्बौं रूपैयाँ खर्च गर्न सक्ने राज्यले विपद्का बेला पहिचान नखुलेका नागरिकका शव सुरक्षित राख्न आवश्यक पूर्वाधार निर्माण गर्न किन नसक्ने ? अत्याधुनिक प्रविधिका उपकरण किन्न सक्ने राज्यले डिएन परीक्षणको क्षमता विस्तार गर्न किन नसक्ने ? डिजिटल अभिलेख बनाउन सक्ने राज्यले त्यसलाई विपद् पहिचान प्रणालीसँग जोड्न किन नसक्ने ? हामीले विपद् व्यवस्थापनलाई राहत र उद्धारको सीमित अर्थबाट बाहिर निकाल्नुपर्छ। विपद् व्यवस्थापनको एउटा महत्त्वपूर्ण हिस्सा मृतक व्यवस्थापन र पहिचान पनि हो। मृतकको शरीरलाई सुरक्षित राख्नु, पहिचानका लागि प्रमाण संकलन गर्नु, परिवारको विवरण लिनु, डिएनए नमुना सुरक्षित राख्नु, अभिलेख तयार गर्नु र अन्तिम संस्कारको अधिकार सुनिश्चित गर्नु राज्यको दायित्वको हिस्सा हो । विपद्का लागि राज्यसँग पूर्वतयारी हुनुपर्छ। अस्थायी शवगृह निर्माण गर्न सकिने ठाउँ पहिचान, मोबाइल शीत भण्डारण, आवश्यक उपकरण, शव पहिचानका लागि प्रशिक्षित टोली र फरेन्सिक विशेषज्ञको परिचालन योजना पहिल्यै तयार हुनुपर्छ। विपद् आएपछि योजना बनाउने होइन, योजना भएर विपद्को सामना गर्ने हो।विपद्का बेला परिवारहरु आफैं संकटमा हुन्छन् । उनीहरूको घर बगेको हुन सक्छ, सम्पत्ति नष्ट भएको हुन सक्छ, आफन्त बेपत्ता भएको हुन सक्छ।

यस्तो अवस्थामा आफ्नो मान्छेको खोजीका लागि अस्पतालदेखि प्रहरी कार्यालयसम्म दौडिरहनुपर्ने अवस्था आउनु राज्यको कमजोर समन्वयको संकेत हो। परिवारले एउटै ठाउँमा आफ्नो बेपत्ता सदस्यको विवरण दर्ता गर्न पाउने, शवको विवरण हेर्न पाउने र पहिचानसम्बन्धी प्रक्रिया बुझ्न पाउने एकीकृत प्रणाली आवश्यक छ। ठूलो विपद्पछि हामी प्रायः मृतकको संख्या गन्छौँ । समाचारमा अंक बढ्दै जान्छ यति जनाको मृत्यु, यति जना बेपत्ता । तर प्रत्येक अंकको पछाडि एउटा नाम हुन्छ, एउटा घर हुन्छ, एउटा परिवार हुन्छ, एउटा जीवनकथा हुन्छ, त्यसैले मृतकलाई केवल संख्यामा सीमित गर्नु हुँदैन ।

राज्यको अभिलेखमा 'मृतक संख्या लेखिए पनि परिवारको स्मृतिमा उसको नाम मेटिनु हुँदैन। यही कारणले पहिचान नखुलेका शवलाई सामूहिक रूपमा गाड्ने विषयलाई केवल प्रशासनिक निर्णयका रूपमा हेर्न मिल्दैन। सार्वजनिक स्वास्थ्य र व्यवस्थापनका कारण तत्काल अन्तिम संस्कार गर्नुपर्ने परिस्थिति आउन सक्छ। तर त्यसअघि पहिचानका सम्भावित वैज्ञानिक उपाय अपनाइएका छन् कि छैनन्, आवश्यक नमुना र प्रमाण सुरक्षित छन् कि छैनन्, शवको फोटो तथा विवरण अभिलेख गरिएको छ कि छैन, भविष्यमा पहिचान गर्न सकिने आधार बाँकी राखिएको छ कि छैन भन्ने प्रश्नको जवाफ खोजिनुपर्छ । शव गाड्नु परिस्थितिको बाध्यता हुन सक्छ तर पहिचान गाड्नु राज्यको विकल्प हुनु हुँदैन् । किनकि आज प्रविधि सीमित हुन सक्छ । भोलि प्रविधि विकसित हुन सक्छ । आज परिवारसँग प्रमाण नहुन सक्छ । भोलि प्रमाण भेटिन सक्छ । आज डिएनए परीक्षण कठिन हुन सक्छ । भोलि सहज हुन सक्छ । त्यसैले पहिचान नखुलेको शवको अन्तिम व्यवस्थापन गर्दा पनि भविष्यको सत्यका लागि ढोका खुला राख्नुपर्छ । हामीले विपद्लाई बिर्सने होइन, त्यसबाट संस्थागत पाठ सिक्ने संस्कार विकास गर्नुपर्छ । हरेक विपत्तिपछि छानबिन होस्, कमजोरी पहिचान होस्, सुधारको समयसीमा तोकियोस्। बजेट छुट्याइयोस्, जिम्मेवारी निर्धारण होस्, अनि अर्को विपद् आउँदा राज्यको क्षमता पहिलेभन्दा राम्रो होस् ।

भोटेकोशीको घटना पनि केही समयपछि समाचारको पानाबाट हराउन सक्छ । उद्धार सकिएला, राहत वितरण सकिएला, पुनर्निर्माण सुरू होला । राजनीतिक बहस अर्को विषयमा जाला । तर हामीले यसबाट एउटा स्थायी राष्ट्रिय प्रश्न उठाउनैपर्छ नेपालको विपद् व्यवस्थापन प्रणालीमा मृतकको पहिचान र सम्मान कहाँ छ ?

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
अवसरका लागि केही दौडधुप गर्नुपर्ला । खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ ।

**वृष**
फाइदा सामान्य भए पनि तारिफयोग्य काम थाल्नी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला।

**मिथुन**
निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला ।

**कर्कट**
प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। शत्रु र प्रतिस्पर्धीबाट जोगिएर काम गर्नुहोला ।

**सिंह**
आफन्त टाढिने हुँदा होसियारीसाथ काम लिनुहोला। भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला ।

**कन्य**
कीर्तिमानी काम गर्ने समय छ। सानो प्रयत्नले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ ।

**तुला**
इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । परिवारजनको साथ रहन्छ।

**वृश्चिक**
दिन रमाइलो र उत्साहजनक रहनेछ । प्रियजनसँग भेटघाट वा सम्पर्क हुनेछ ।

**धनु**
काममा रूचि बढ्नेछ भने व्यापारमा राम्रै लाभ हुनेछ । बुद्धिको उपयोगले मनग्य धन आर्जन हुनेछ ।

**मकर**
बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। भौतिक साधन जुट्नेछन् ।

**कुम्भ**
केही बाध्यात्मक परिस्थितिमा अलमलिनुपर्ला नतिजा सच्याउन काम दोहोर्याउनुर्नेछ ।

**मीन**
दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला । अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ ।

# शव गाडियोस्, ......

हामीले अब विपद् व्यवस्थापनलाई जीवन बचाउने अभियान मात्र नभई मानवीय गरिमा जोगाउने प्रणालीका रुपमा बुझ्नुपर्छ। राज्यले नागरिकलाई जन्मदेखि मृत्युको अन्तिम क्षणसम्म पहिचान गर्न सक्ने प्रणाली बनाउनुपर्छ । जन्मदर्ताबाट सुरू भएको राज्यको पहिचान यात्रा मृत्यु प्रमाणपत्रमा पुगेर मात्र समाप्त हुनु हुँदैन। बीचमा नागरिक हरायो भने खोज्न सक्ने, विपद्मा बेपत्ता भयो भने अभिलेख गर्न सक्ने र मृत्यु भयो भने उसको पहिचान तथा परिवारसम्मको सम्बन्ध प्रमाणित गर्न सक्ने प्रणाली चाहिन्छ।यस्तो प्रणाली निर्माण गर्न ठूलो आर्थिक लगानी आवश्यक पर्ला। तर प्रश्न फेरि पनि यही हो राज्यले नागरिकको पहिचानभन्दा ठूलो लगानी अरु केमा गर्न सक्छ ?

अन्ततः समृद्धिको अर्थ पुनः परिभाषित गर्नुपर्ने बेला आएको छ । समृद्धि भनेको केवल ठूलो अर्थतन्त्र होइन । समृद्धि भनेको सक्षम संस्था हो। समृद्धि भनेको संकटमा राज्यको उपस्थिति हो । समृद्धि भनेको प्रविधिको मानवीय उपयोग हो। समृद्धि भनेको नागरिकको गरिमा हो । र नागरिकको गरिमा मृत्यु भएपछि समाप्त हुँदैन । त्यसैले भोटेकोशीको बाढीले हामीलाई छाडेको सबैभन्दा गम्भीर प्रश्न सडक, पुल वा जलविद्युत् आयोजनाको क्षतिमा मात्र सीमित छैन । प्रश्न ती नागरिकहरूको पनि हो, जो बाढीले हामीबाट खोस्यो र जसको पहिचान अझै निश्चित हुन सकेको छैन ।

उनीहरु कसैका लागि नागरिक थिए, कसैका सन्तान थिए, कसैका अभिभावक थिए, कसैका जीवनसाथी थिए । त्यसैले उनीहरूको शरीर गाडिएला, अन्तिम संस्कार होला तर उनीहरूको नाम र पहिचान गाडिनु हुँदैन। राज्यसँग यस्तो क्षमता हुनुपर्छ कि ठूलो विपद्मा पनि पहिचान नखुलेका शवलाई आवश्यक समयसम्म सुरक्षित राख्न सकोस्, वैज्ञानिक प्रमाण सुरक्षित राख्न सकोस् र परिवारलाई आˆनो मान्छेसम्म पुग्ने अन्तिम अवसर दिन सकोस्। कुनै दिन विपद्ले हामीबाट खोस्यो भने कम्तीमा नाम, पहिचान र अन्तिम सम्मान उसैसँगै नहराओस्। राज्यको वास्तविक समृद्धि त्यतिबेला प्रमाणित हुन्छ, जब उसले आफ्ना नागरिकको जीवनको मात्र होइन, मृत्युको पनि सम्मान गर्न सक्छ ।

(लेखक जनज्योति क्याम्पस, भिमाद, तनहुँका सहप्राध्यापक हुन् ।)

Shivachapgai5@gmail.com

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com



**नुवाकोटको त्रिशूली बजार :** रसुवाको भोटेकोशी नदीमा बुधबार आएको बाढीले क्षतिग्रस्त भएको नुवाकोटको त्रिशूली बजार । नदीमा आएको बाढीले बस्तीका संरचनामा ठूलो क्षति पुऱ्याएपछि बजार क्षेत्र बगरमा परिणत भएको छ । *तस्बिर : प्रदीपराज वन्त/रासस*

# तनहुँमा बाढीका ३६ शव .......

विवरण संकलन तथा समन्वय भइरहेको छ। पहिचान खुलेपछि शव सम्बन्धित परिवारलाई बुझाउने प्रक्रिया अघि बढाइनेछ ।

नदी किनार तथा आसपासका क्षेत्रमा खोज तथा उद्धार कार्य शनिबार पनि निरन्तर सञ्चालन हुने प्रहरीले जनाएको छ। बाढीपछि नदीमा पानीको बहाव, भौगोलिक जोखिम र नदी किनारमा थुप्रिएको माटो तथा मभदचष्क का कारण खोजी कार्य चुनौतीपूर्ण बनेको भए पनि सम्भावित स्थानमा सुरक्षाकर्मी परिचालन गरी खोजीलाई निरन्तरता दिइएको छ।

बाढीमा आफन्त बेपत्ता भएका परिवारहरु भने शव फेला परे पनि पहिचान हुन नसक्दा थप पीडामा छन् । त्यसैले पहिचान नखुलेका शवको यथाशीघ्र वैज्ञानिक तथा प्रभावकारी विधिबाट पहिचान गरी परिवारलाई जानकारी गराउने तथा शव हस्तान्तरणको व्यवस्था मिलाउनुपर्ने आवश्यकता देखिएको छ ।

# जोखिममा दर्जनौं हिमताल : .......

उच्च जोखिममा रहेको इसिमोडको अध्ययनको निष्कर्ष छ; जसमा च्छो रोल्पा, तल्लो वरूण, इमजा छो, लुमदिङ, पश्चिम चमजाङ र डोना (ठुलागी) छन्।

'तर यस्ता अध्ययन चेतावनीका लागि मात्र काम लागेजस्तो भएको छ,' जलवायु विश्लेषक डा. ङमिन्द्र दाहाल भन्छन्। विगतका अनुभव हेर्दा मार्चदेखि सेप्टेम्बरसम्ममा हिमतालहरु फुटेर बाढी आएको देखिन्छ। त्यसरी हिमताल फुटेर आएको बाढीले ठूला क्षति पुऱ्याएका करिब दुई दर्जन घटना छन्।

१३ जुनमा सुरू भएर २ अक्टोबरसम्म रहने मनसुनमा कुल वर्षाको ८० प्रतिशत पानी पर्छ। त्यसमा हिमताल फुटेर वा हिमपहिरो खसेर आउने पानी मिसिँदा थप क्षति गर्ने गरेको विपद्विज्ञहरु बताउँछन्।

भदौ दोस्रो साता रसुवामा आएको बाढीको कारण हिमताल विस्फोट होइन भन्ने लगभग निश्चित भएको जानकारहरु बताउँछन्। सरकारका प्रवक्तासमेत रहेका शिक्षामन्त्री सस्मित पोखरेल भन्छन्, 'सामान्य ग्लेसियरहरु फुटेको हुनाले धेरै ठाउँमा पानी लेदोसहित ओभरफ्लो भएको देखिन्छ ।' विज्ञहरूका अनुसार चीनबाट बग्ने ल्हेन्दे खोला नजिक नेपालतर्फको हिमचट्टान फुटेर (ग्लेसियर कोल्याप्स) भोटेकोसीमा बाढी आएको देखिन्छ।

हिमतालहरूको अध्ययन–अनुसन्धान गरेका प्राध्यापक खनाल भन्छन्, 'रसुवा बाढीले अब हिमतालको मात्र अध्ययन गरेर पुग्दैन भन्ने सन्देश दियो। हिमतालसँगै हिमनदी, हिउँ र बरफको मिहीन अध्ययन गरेर मात्र यस्ता जोखिमको पूर्वानुमान गर्न सकिने देखियो।'

अध्ययनहरुले चेतावनी दिँदादिँदै हिमताल विस्फोटजन्य जोखिमबाट जोगिन सरकारले पर्याप्त निगरानी र तयारी नगरेको जलवायु विश्लेषक डा. दाहाल बताउँछन् । उनी भन्छन्, 'जोखिम छ भन्ने थाहा छ। योजनाहरु पनि बनेका छन्। तर, बनेका ती योजनाहरु आयोजनामा परिणत भएका छैनन् ।'

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका एक अधिकारी विज्ञहरूले भन्नेबित्तिकै कार्यान्वयनमा लैजान सम्भव नभएको बताउँछन्। उनी भन्छन्, 'हामीलाई प्रभावित पार्ने सबै हिमताल नेपालभित्र छैनन्। कार्यान्वयनमा जान ठूलो रकम आवश्यक पर्छ, जुन जुटाउन सहज छैन ।' अनलाइनखबरबाट

## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

मिति २०८३/०५/१० **गते बिहान** भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाका नदी किनारमा रहेका क्षेत्रमा ठूलो धनजनको आकस्मिक क्षति हुन पुगेको घटनाप्रति हामी स्तब्ध भएका छौं।

यस राष्ट्रिय विपद्को घडीमा प्रभावित व्यक्तिहरूको उद्धार, राहत तथा पुनःस्थापना कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले **व्यास नगरपालिका विपद् पुनःस्थापना कोषबाट रु. ५,५१,०००/- (अक्षरेपी पाँच लाख एकाउन्न हजार रुपैयाँ मात्र)** प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेका छौँ। साथै, यस नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूका तर्फबाट पछि निर्णय भएबमोजिम थप सहयोग गरिने व्यहोरा समेत यसै विज्ञप्तिमार्फत जानकारी गराइन्छ।

राष्ट्रको यस विषम तथा दुःखद् घडीमा नगरपालिकाका तर्फबाट गरिने अन्य सहयोगका लागि **जिल्ला विपद् व्यवस्थापन समिति एवं जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वय भइरहेको** छ। यस नगरपालिका अन्तर्गतका सामाजिक संघ–संस्थाहरूले सहयोग संकलन गर्न चाहेमा **जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी** सहयोग संकलन तथा वितरण गर्नसमेत सम्बन्धित सबैमा अनुरोध गर्दछौं।

अन्तमा, यस विपद्मा परी दिवंगत हुनुभएका सम्पूर्ण महानुभावहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते हुनुभएका सम्पूर्णको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौँ। साथै, शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं। यस नगरपालिकाका नगरवासी दाजुभाई तथा दिदीबहिनीहरू उक्त क्षेत्रमा जानुभई हालसम्म सम्पर्कमा नआउनुभएको भए सम्बन्धित आफन्तहरूले हामीलाई सूचित गरिदिनुहुनसमेत यसै पत्रद्वारा अनुरोध गरिन्छ।

**सुकदेव लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**
सम्पर्क नं. ९८५६००२१११

**इन्दिरा दरै**
**उप-प्रमुख**
**सम्पर्क नं. ९८५६०६११६३**

**वैकुण्ठ न्यौपाने**
**नगर प्रमुख**
**सम्पर्क नं. ९८५६०६११६२**

## बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।

**स्वास्थ्य कार्यकर्ताः** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमाः** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ताः** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमाः** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ताः** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।

**आमाः** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

## बन्दीपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ । गण्डकी प्रदेश



# सरकार बाढी प्रभावितको साथमा छ, नतिजा नआएसम्म काम जारी रहन्छ : प्रधानमन्त्री

रासस/काठमाडौं

प्रधानमन्त्री वालेन्द्र शाहले नेपाल सरकार बाढी प्रभावित नागरिकहरूका साथमा रहेको बताउनुभएको छ। शनिबार सामाजिक सञ्जालमार्फत उहाँले बाढी प्रभावित क्षेत्रमा उद्धार तथा पुनःस्थापनाका कार्यहरू नतिजा नआएसम्म निरन्तर जारी रहने बताउनुभएको हो । विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका तटीय क्षेत्रमा निकै ठूलो जनधन र भौतिक क्षति पुर्‍याएकोप्रति नेपाल सरकार अत्यन्तै गम्भीर र संवेदनशील रहेको उल्लेख गर्दै उहाँले बाढी आएलगत्तै सरकारले प्रभावित क्षेत्रमा उद्धार, खोजी र राहत कार्यलाई कुनै पनि कसर बाँकी नराखी अहोरात्र तीव्र पारिरहेको बताउनुभयो ।

"संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूसँगको निरन्तर समन्वय, सहकार्य र सहजीकरणमा यो कार्यलाई पूर्ण क्षमताका साथ निरन्तरता दिइएको छ । राज्यका सबै किमिसका संयन्त्रबाट प्रभावित प्रत्येक नागरिकको जीवनरक्षा नै सरकारको पहिलो प्राथमिकता बनेको कुरा दोहोर्‍याउन चाहन्छौँ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार प्रतिकूल मौसम र विकट भौगोलिक परिस्थितिका बाबजुद पनि प्रभावित क्षेत्रबाट आज ५:३० बजेसम्म सात हजार ५१४ जना मानिसलाई हवाई र स्थलमार्गमार्फत सफलतापूर्वक उद्धार गरी सुरक्षित स्थानमा पुर्‍याइएको छ । जसमध्ये विभिन्न जलविद्युत् आयोजना क्षेत्रमा फस्नुभएका २७९ जना मानिसको उद्धार भइसकेको छ भने बाँकी क्षेत्रमा नेपाली सेनाले उद्धारको प्रयास जारी राखेको छ । उद्धारमा भारतीय र चिनियाँ विज्ञहरू नेपाली सेनासँगको समन्वयमा खटिनुभएको छ ।

प्रभावित क्षेत्रमा उद्धार कार्यका लागि नेपाली सेना र निजी क्षेत्रका गरी १६ वटा हेलिकप्टर प्रयोग गरेर हालसम्म २३६ वटा उडान भरिसकेको अवस्था छ । प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी १८ हजार ७०८ जना सुरक्षाकर्मी खटिनुभएको छ ।

"हामीलाई प्राप्त सुझाव र गुनासोलाई ध्यानमा राख्दै प्रभावित क्षेत्रमा परिचालन हुने सुरक्षाकर्मीको संख्या हरेक दिन बढाउँदै लगिएको छ भने थप हेलिकप्टरहरू तयारी अवस्थामा राखिएका छन् । तर, भौगालिक अवस्था र प्रतिकूल मौसमका कारण एकैपटक धेरै उडान भर्न सकिएको छैन । ज्यान जोखिममा राखेर खटिने सुरक्षाकर्मीको मनोबल उच्च राख्न दैनिक खाजा खर्च र प्रोत्साहन भत्ता वृद्धि गर्ने निर्णयसमेत गरिएको छ। उद्धारका क्रममा आवश्यकताअनुसार अन्तरराष्ट्रिय समुदायबाट पनि सहयोग लिइरहेका छौँ", उहाँले भन्नुभएको छ ।

साथै सरकार प्रभावित क्षेत्रबाट उद्धार गरिएका जटिल घाइतेहरूलाई काठमाडौँका विभिन्न अस्पतालहरूमा ल्याएर उपचार गरिरहेको उहाँको भनाइ छ । "अन्य घाइतेहरूलाई रसुवाको धुन्चे र नुवाकोटको बट्टारस्थित नेपाली सेनाको ब्यारेकमा मोबाइल अस्पताल खडागरी काठमाडौँबाट जानुभएका विभिन्न विशेषज्ञसहितको मेडिकल टोलीले निरन्तर उपचार गरिरहनुभएको छ । यस्तै, काठमाडौँबाट गएका विभिन्न चिकित्सकसहितको टोलीले धुन्चे, स्याफ्रुबैंसी, रसुवा अस्पताल र हेली क्षेत्रमा दुई गरी पाँच स्थानबाट स्वास्थ्य सेवा दिइरहनुभएको छ", उहाँले भन्नुभयो।

साथै, घाइते र उहाँहरूका परिवारका सदस्यहरूलाई मनोपरामर्श सेवासमेत प्रदान गरिरहेको उहाँको भनाइ छ । अस्पतालमा रगतको सहज उपलब्धताका लागि सरकारले 'रक्त सूचना पोर्टल' सञ्चालन गरी कुन अस्पतालमा कति रगत उपलब्ध छ भन्ने विवरण सार्वजनिक रूपमा जानकारी दिने व्यवस्था मिलाएको छ। प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा प्रवाहको थालनी गरिसकेका छौँ। विभिन्न अस्पतालमा उपचारार्थ घाइते नागरिक निको भएर घर जानेक्रम जारी छ ।



प्रधानमन्त्री शाहका अनुसार हालसम्म रसुवा, धादिङ, नुवाकोट, चितवन, तनहुँ, गोरखा, नवलपरासीपूर्व र नवलपरासी पश्चिमका विभिन्न स्थानमा ६७५ वटा शव फेला परेका छन् । फेला परेका शवलाई 'एयर टाइट ब्याग' मा राखेर व्यवस्थापन गर्ने काम भइरहेको छ । "यी शवलाई 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३'बमोजिम व्यवस्थापन गरिँदैछ । पहिचान गर्न नसक्ने अवस्थामा भेटिएका शवलाई मात्रै डिएनए लगायत अन्य पहिचानलाई सहयोग गर्ने आधारहरू सुरक्षित राखी सरकारले आफैँ व्यवस्थापन गर्न लागेको हो। परिवारले पहिचान गरेका शव भने उहाँहरूलाई जिम्मा लगाउने काम भइरहेको छ । त्यसैले यस विषयमा कुनै पनि भ्रममा नरहन सबैमा अनुरोध गर्दछौँ", उहाँले भन्नुभएको छ ।

उहाँका अनुसार प्रभावित क्षेत्रबाट उद्धार गरिएका घाइतेबाहेक अन्य प्रभावित नागरिकका लागि जिल्ला प्रशासन कार्यालय, स्थानीय तहलगायतको समन्वयमा रूसुवामा तीन, नुवाकोटमा १५ वटा शिविर स्थापना गरिएको छ । यी शिविरका लागि संघीय सरकारले राहत सामग्री निरन्तर रूपमा पठाइरहेको छ ।

नेपाल रेडक्रस, नेपाल स्काउट, लायन्स क्लब तथा अन्य स्वयंसेवी संस्थाका संयन्त्रसमेत परिचालित छन् । बाढीबाट विस्थापित करिब तीन हजार ५०० जना नागरिकलाई तत्काल बसोबास गराउन विद्यालय तथा सार्वजनिक/सामुदायिक भवनमा अस्थायी आवासको व्यवस्था मिलाइएको छ । पीडितहरूका तत्काल आवश्यकपर्ने खाद्य तथा अन्य दैनिक उपभोगका सामग्रीको सहज व्यवस्थापनका लागि पनि सरकार जुटिरहेको छ । यसैक्रममा त्रिभुवन विमानस्थलको वेयर हाउस, काठमाडौँ जिल्ला प्रशासन कार्यालय, सामाखुसीस्थित नेपाल प्रहरीको विपद् तालिम केन्द्र र बबरमहलस्थित सहरी विकास तथा भवन निर्माण विभाग परिसरमा राहत सामग्री संकलन भइरहेको छ।

संकलित राहत सामग्री हवाई तथा स्थलमार्गबाट हालसम्म नुवाकोटको बट्टारमा रहेको नेपाली सेनाको मैथिल ब्यारेक र रसुवाको उत्तरगयामा पुर्‍याउने काम भइरहेको छ। साथै, मैथिल ब्यारेकबाट धादिङको बैरेनी प्रहरी कार्यालय र रूसुवाको धुन्चेस्थित नेपाली सेनाको ब्राबेल ब्यारेक पुर्‍याउने गरिएको छ । त्यहाँ स□लित राहत सामग्री जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वको सुरक्षाकर्मी तथा अन्य सरोकारवालाहरू सम्मिलित समितिले प्रभावित क्षेत्रमा पुर्‍याएर वितरण गरिरहेको छ ।

आजमात्रै एमआइ-१७ हेलिकप्टरमार्फत त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट खाद्य सामग्री रसुवाको धुन्चेमा पुर्‍याइएको छ । साथै, आजै स्थलमार्गबाट अत्यावश्यक खाद्य र गैरखाद्य राहत तथा उद्धार सामग्री धुन्चे र उत्तरगया गाउँपालिका पठाइएको छ । विभिन्न सङ्घसंस्था र सहयोगी निकायलेसमेत सिधै सम्बन्धित जिल्ला प्रशासन कार्यालयका सम्बन्धित सम्पर्क विन्दुहरूमा राहत सामग्री पठाउनेक्रम जारी छ ।

प्रभावित क्षेत्रमा नेपाल टेलिकमका १२० र एनसेलका ७८ वटा बिटिएस टावर सञ्चालनमा रहेकामा बाढीका कारण नेपाल टेलिकमका ३८ र एनसेलका २७ वटा टावरको सेवा अवरूद्ध भएको थियो । कतिपय ठाउँमा टावरमै ठूलो क्षति पुगेको थियो भने कतिपय ठाउँमा ऊर्जाको अभाव भएको थियो । सरकारले तत्कालै हेलिकप्टर र सडकमार्गमार्फत इन्धन, सोलार प्यानल र जेनेरेटर ढुवानी गरेर टावर पुनःसञ्चालनमा ल्याएको छ। जसमध्ये अहिलेसम्म नेपाल टेलिकमका ९० र एनसेलका ७१ वटा टावर सञ्चालनमा आइसकेका छन् भने बाँकी टावर पनि चाँडै सञ्चालनमा ल्याउने गरी मर्मत कार्य भइरहेको छ ।

बाढीले मुख्य सडकमा क्षति पुर्‍याएर प्रभावित क्षेत्रसम्म पुग्न समस्या भइरहेकाबेला हाल काठमाडौँ-टोखा-छहरे-गड्खार पुल-आप्र-नर्जा-लच्याङ-सरमथली-पाटीखर्क हुँदै बोगटीटार-कालिकास्थान-धुन्चे सडकखण्ड चारपाङ्ग्रे साना सवारीसाधन सञ्चालन हुनेगरी मर्मत गरिएको छ । यो सडकखण्ड खुलेसँगै रसुवा पुनःराष्ट्रिय सडक सञ्जालसँग जोडिएको छ ।

यस्तै, पृथ्वी राजमार्गअन्तर्गत गल्छी-मलेखुको १३ किलोमिटर खण्डमा थुप्रिएको लेदो पन्छाएर पृथ्वी राजमार्ग पनि पूर्ण रूपमा सञ्चालनमा ल्याइसकिएको छ । धादिङबैंसी जाने वैकल्पिक सडक सञ्चालनमा आएको छ । परेवाटार-नेपालटार-गजुरीटार-पीपलटार-आदमटार-बेलिनटार-केउरिनीटार हुँदै मास्टार जोडिने सडक सञ्चालनमा आएसँगै धादिङबैंसी पुनः सडक सञ्जालमा जोडिएको छ ।


## गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं

- कुनैपनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं।

सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**बाबाजी**
x.com/baabajee

हिजो ३५ बर्षसम्म केही भएन भनेर न्यारेटिभ बनाउनेहरू नै आज विपत्तिको ४ दिन बितिसक्दा पनि राहत पाएनौं भनेर वास्तविकता बताउँदा भिड्न आउँछन् । यी मानवियता नरहेका डिजिटल टेररिष्टहरूको काम आफ्नो न्यारेटिभ बाहेकको कुनैपनि 'भ्वाइस' सोसल मिडियामा टिक्नै नदिनु रहेछ ! कुन दानवले खटाउँछ यिनीहरूलाई ?



**Manavi Paudel**
x.com/ManaviPaudel

यतिखेर सरकारले आफ्ना संयन्त्रहरु प्रभावकारी रूपमा परिचालन गर्दै आफ्नो जिम्मेवारीअनुसार काम गरिरहेको छ । विपद् होस् वा अन्य कुनै संकट, सरकारलाई काम गर्न दिनु र आवश्यक ठाउँमा साथ सहयोग गर्नु नै अहिलेको आवश्यकता हो।

त्यसैले विनम्र अनुरोध छ, सरकारले सहयोग मागेको छ भने सक्दो सहयोग गरौँ, सहयोग नमागेको अवस्थामा अनावश्यक हस्तक्षेप नगरी केही समय चुप लागेर बसौँ। हरेक विषयमा अनेकौँ लाञ्छना, आरोप-प्रत्यारोप र अनावश्यक विवाद सिर्जना गरेर सरकारको समय र ऊर्जा बर्बाद नगरौँ।

अहिले आरोप लगाउनेभन्दा सहयोग गर्ने समय हो, राजनीति गर्नेभन्दा मानवीयता देखाउने समय हो। सरकारलाई आफ्नो काम गर्न दिऔँ, जहाँ आवश्यक पर्छ त्यहाँ हातेमालो गरौँ ।



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

रोशी र मेलम्ची बाढी अनि भुकम्पका पिडितको राहतका लागि देश विदेशमा बस्ने उदात्त नेपाली मनहरूले काभ्रेलीलाई गरेको सहयोग आज पनि अविषमरणीय छ। त्यै सम्झौ, सकेको सहयोग गरौ। र, मैले पनि प्रम दैवी प्रकोप कोषमा सकेको सहयोग गरेको छु। घर जल्न सक्छ, बस्ती बग्न सक्छ। तर मानवता कहिल्यै ढल्न सक्दैन।

# लाइन काटेर दुई करोडभन्दा बढी विद्युत् बक्यौता असुल

भञ्ज्याङ समाचारदाता/दमौली

नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रले विद्युत् महसुल नबुझाउने ग्राहकको लाइन काटेर आर्थिक वर्ष २०८२/८३ मा रू दुई करोड दुई लाख ८३ हजार एक सय चार बक्यौता रकम असुल गरेको छ ।

सो अवधिमा रू दुई करोड ५७ लाख ८८ हजार दुई सय ८० विद्युत् महसुल उठ्न बाँकी रहेकामा महसुल बुझाएपछि सात सय ९४ ग्राहकको विद्युत् लाइन पुनः जडान गरिएको केन्द्रका इन्जिनियर डिलबहादुर आलेले जानकारी दिनुभयो ।

केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा विद्युत् लाइन काटेर रू एक करोड २७ लाख १५ हजार सात सय ८६ तथा आर्थिक वर्ष २०८०/८१ मा एक हजार चार सय ३६ ग्राहकको लाइन काटेर रू दुई करोड ६८ लाख ४५ हजार सात सय बक्यौता रकम असुल गरेको थियो ।

आर्थिक वर्ष २०८२/८३ मा ८७ करोड ७६ लाख १३ हजार सात सय ८७ युनिट विद्युत् बिक्री गरेको छ । विद्युत् बिक्रीबाट रू एक अर्ब एक करोड ११ लाख १२ हजार एक सय २६ आम्दानी भएको इन्जिनियर आलेले बताउनुभयो । सो अवधिमा एक हजार आठ सय ९५ नयाँ मिटर जडान गरिएको छ । ४९ वटा ट्रान्सफर्मर जलेपछि नयाँ ट्रान्सफर्मर जडान गरिएको तथा १० वटा नयाँ लोड सेन्टर थप गरिएको छ।

वितरण केन्द्र अन्तर्गत छ वटा सबस्टेसन, ३० वटा ११ केभी फिडर, १०७ किलोमिटर ३३ केभी लाइन, ९३९ किलोमिटर ११ केभी लाइन, चार हजार तीन सय २८ किलोमिटर ०.४/०.२३ केभी वितरण लाइन तथा ६७३ वटा ट्रान्सफर्मर छन् ।

वितरण केन्द्रले तनहुँका १० स्थानीय तह, कास्कीको रूपा गाउँपालिकाका वडा नं ३ र ४ का केही भाग, लमजुङको मध्यनेपाल नगरपालिकाका वडा नं १, २, ३, ४ र ५ तथा नवलपुरको बौदीकाली र बुलिङटार गाउँपालिकाका केही भागमा सेवा प्रवाह गर्दै आएको छ ।

वितरण केन्द्रमा स्थायी ६०, दैनिक ज्यालादारी ३७, सेवा करार ३४, गोटागन्ती १९ र सुरक्षाकर्मी २० गरी एक सय ७० जना कार्यरत छन् ।

केन्द्रले ११/०.४ केभीका लाइन विस्तार, मर्मत, सम्भार, सुदृढीकरण तथा स्तरोन्नति, आवश्यकता अनुसार विभिन्न क्षमताका लोड सेन्टर थप, ग्राहकलाई भरपर्दो, गुणस्तरीय र विश्वसनीय विद्युत् आपूर्ति तथा नयाँ मिटर जडान र मिटरसम्बन्धी गुनासो व्यवस्थापन गर्दै आएको छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४